# नेपाल सरकार
## श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
## (प्रधानमन्त्री रोजगार कार्यक्रम)

सिंहदरवार, काठमाण्डौ, नेपाल
फोन नं. ०१-४२००४७७
फ्याक्स नं. ०१-४२११८७७
Email :info.pmep.np@gmail.com
Website: pmep.gov.np


प.सं. २०७७/७८
च.नं./PMEP/ ३१४

मिति: २०७७।१२।२३

श्री महा-नगरपालिका, उप- महानगरपालिका, नगरपालिका र गाँउपालिका सबै
मार्फत संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाण्डौ ।

**बिषय: प्रधानमन्त्री रोजगार कार्यक्रमको खर्च लेखाङ्कनमा एकरुपता कायम गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा नेपाल सरकार र विश्व बैङ्क बिच युवा रोजगार रुपान्तरण पहल आयोजना सन्चालनका लागि भएको ऋण सम्झौता कार्यान्वयनका लागि चालु आर्थिक बर्षको शुरुमै ब. उ. शि. नं. ३७१००१०२३ मा सम्पूर्ण स्थानीय तहका लागि वित्तीय हस्तान्तरणबाट उपलब्ध गराएको नेपाल सरकार र IDA श्रोततर्फको रकम र मिति २०७७।०७।२१ को निर्णय अनुसार च नं ११५ मिति २०७७।०७।२५ को पत्रबाट ADB/PBL श्रोतमा पठाइएको रकम केहि स्थानीय तहहरुले आम्दानी बाँध्दा र खर्च लेख्दा बिभिन्न फरक फरक क्रियाकलाप र श्रोतमा आम्दानी एवं खर्च गरी एकरुपता नभएको SuTRA Software बाट प्राप्त २०७७ साल फाल्गुण मसान्तसम्मको वजेट एवं खर्च विबरणबाट देखिएकाले आयोजनाको सम्बन्धित क्रियाकलापमा भएको खर्च रकम र श्रोत एकिन गर्न कठिनाई हुन गई बैदेशिक ऋण श्रोतको खर्च रकम IDA संग सोधभर्ना माँग गर्न कठिनाई भएकोले सम्पूर्ण स्थानीय तहहरुले महालेखा नियन्त्रक कार्यालयबाट स्थानीय तहका लागि लागू गरिएको SuTRA ( स्थानीय संचित कोष व्यवस्थापन प्रणाली) प्रणालीमा निम्नानुसार लेखाङ्कन तथा अभिलेख गरि सो को प्रतिवेदन गर्न हुन अनुरोध छ :-

१. युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सन्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार आयोजना संचालनका लागि स्वीकृत क्रियाकलाप र स्थानीय तहले लेखाङ्कन गर्नु पर्ने खर्च शिर्षक र खर्चको श्रोत:

| क्रियाकलाप संकेत नं. | क्रियाकलापको नाम | खर्च शीर्षक नं. | खर्चको श्रोत |
|---|---|---|---|
| २.४.१.५ | रोजगार सेवा केन्द्रको संचालन खर्च | | आइ.डि.ए. सोधभर्ना हुने ऋण |
| | संचार- | २२११२ | |
| | कार्यालय संचालन | २२३११ | |
| | अनुगमन मूल्याङ्कन | २२६११ | |
| | विविध | २२७११ | |
| २.५.७.५ | रोजगार संयोजकको तलव | २२४१९ | नेपाल सरकार |
| २.५.७.६ | रोजगार संयोजकको स्थानीय भत्ता | २११३१ | नेपाल सरकार |
| २.५.७.७ | रोजगार संयोजकको पोशाक | २११२१ | नेपाल सरकार |
| २.५.७.८ | प्राविधिक सहायकको तलव | २२४१९ | आइ.डि.ए. सोधभर्ना हुने ऋण |
| २.५.७.९ | प्राविधिक सहायकको स्थानीय भत्ता | २११३१ | आइ.डि.ए. सोधभर्ना हुने ऋण |
| २.५.७.१० | प्राविधिक सहायकको पोशाक | २११२१ | आइ.डि.ए. सोधभर्ना हुने ऋण |
| २.७.३.१ | विपन्न श्रमिकको ज्याला | २२५२२ | नेपाल सरकार र आइ.डि.ए. सोधभर्ना हुने ऋण |
| २.७.५.१० | रोजगार सेवा केन्द्रको सुदृढीकरण | | |
| | फर्निचर | ३१११३ | आइ.डि.ए. सोधभर्ना हुने ऋण |
| | मेशिनरी तथा औजार | ३१११२ | आइ.डि.ए. सोधभर्ना हुने ऋण |

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
(प्रधानमन्त्री रोजगार कार्यक्रम)

सिंहदरबार, काठमाण्डौ, नेपाल
फोन नं. ०१-४२००४७७
फ्याक्स नं. ०१-४२११८७७
Email :info.pmep.np@gmail.com
Website: pmep.gov.np

प.सं. २०७७/७८
च.नं./PMEP/

२. कामका लागि पारिश्रमिक क्रियाकलापको संकेत नं र खर्च व्यहोर्ने श्रोत फरक भएको हुँदा कामका लागि पारिश्रमिक क्रियाकलापमा भएको कारोवारको छुट्टै श्रेस्ता राखि छुट्टै प्रतिवेदन गर्ने ।

| क्रियाकलाप संकेत नं. | क्रियाकलापको नाम | खर्च शीर्षक नं. | खर्चको श्रोत |
|---|---|---|---|
| २.७.३.२ | कामको लागि पारिश्रमिक | २२५२२ | ADB/PBL र नेपाल सरकार |

३. चालु आ. ब. को दोश्रो चौमासिक अवधिसम्मको सम्पूर्ण खर्च रकम SuTRA Software मा प्रविष्ट नगरेका र आंशिक रुपमा मात्र प्रविष्ट गरेका स्थानीय तहले खर्चको सम्पूर्ण बिबरण ७ (सात) दिन भित्र SuTRA Software मा प्रविष्ट गरि र SuTRA Software मा प्रविष्ट गर्न नसक्ने अवस्था भएमा समेत यसैसाथ संलग्न ढाँचा अनुसारको आधिकारिक वित्तीय प्रतिवेदन ७ (सात) दिन भित्र अनिवार्य रुपमा यस मन्त्रालयमा पठाउने ।

४. २०७७ साल फाल्गुण सम्मको SuTRA Software बाट प्राप्त बजेट तथा खर्चको बिवरण अध्ययन गर्दा केहि स्थानीय तहले माथि बुँदा १ मा उल्लेख भए भन्दा फरक श्रोत र फरक क्रियाकलापमा बजेट कायम गरी खर्च गरेको पाइएको र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सन्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ विपरित गरिएको खर्च विश्व बैङ्कबाट सोधभर्ना नहुने हुँदा माथि बुँदा १ बमोजिमको श्रोत र क्रियाकलापमा बजेट र खर्च शीर्षक कायम हुने गरि SuTRA Software मा तथ्याङ्क अध्यावधिक गर्न हुन ।

५. यस आयोजनाबाट सशर्त अनुदानको स्वीकृत क्रियाकलापहरु संचालनका लागि बजेट उपलब्ध गराइएको हुँदा आर्थिक बर्षको अन्त्यमा हिसाब मिलान एवं समायोजन समेत गरि आइ.डि.ए. सोधभर्ना हुने ऋण श्रोतबाट भएको खर्च रकम विश्व बैङ्कसंग सोधभर्ना माँग गर्नु पर्ने भएकाले असाढ २५ गते भित्र अनिवार्य रुपमा खर्च नभई बाकी रहेको रकम सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत सम्बन्धित कार्यक्रममा हिसाब मिलान गरि निकासा बराबर खर्च कायम गरि मौज्दात सून्य बनाउन हुन ।

माथि उल्लेखित बिबरण एवं प्रतिवेदनहरु निम्न इमेल ठेगानामा पठाउन हुन:

pmepfinance@gmail.com
सम्पर्क नं. ९८४१६५००९२

०७८/०२/२२

(सुमन घिमिरे)
राष्ट्रिय आयोजना निर्देशक

बोधार्थ:
श्री अर्थ मन्त्रालय बजेट तथा कार्यक्रम महाशाखा, सिंहदरबार, काठमाण्डौ ।
श्री महालेखा नियन्त्रकको कार्यालय, अनामनगर, काठमाण्डौ ।

.................................. नगरपालिका / गाँउपालिका

नगर। गाँउ कार्यपालिकाको कार्यालय .........

कार्यालय कोड नं ...........................

कार्यक्रम परियोजना अनुसार बजेट विनियोजन

आ ब : २०७७।७८ अवधिः २०७७।०४।०१ देखि २०७७ साल फाल्गुण मसान्तसम्म

बजेट प्रकारः चालु अनुदान ३७१००१०२

बजेट उपशीर्षकः संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (सशर्त अनुदान)

प्राप्त बजेट उपशीर्षकः प्रधानमन्त्री रोजगार कार्यक्रम

| सि नं | संकेत | कार्यक्रम ।आयोजना । क्रियाकलापको नाम | खर्च शीर्षक (यो बाहेक अन्य खर्च शीर्षकमा प्रविष्ट गर्न नमिल्ने ) | श्रोत | लक्ष्य | इकाई | विनियोजन | खर्च | खर्च % | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ..............................................(सम्बन्धित स्थानीय तहको बजेट उप शीर्षक नं उल्लेख गर्ने) संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (सशर्त अनुदान) | | | | | | | | | | |
| १ | २. ४. १. ५ | रोजगार सेवा केन्द्रको संचालन खर्च | | | | | | | | |
| | | संचार | २२११२ | IDA सोधभर्ना हुने ऋण | | | | | | |
| | | कार्यालय संचालन | २२३११ | IDA सोधभर्ना हुने ऋण | | | | | | |
| | | अनुगमन मूल्याङ्कन | २२६११ | IDA सोधभर्ना हुने ऋण | | | | | | |
| | | बिबिध | २२७११ | IDA सोधभर्ना हुने ऋण | | | | | | |
| २ | २. ५. ७. ५ | रोजगार संयोजकको तलव | २२४१९ | नेपाल सरकार | | | | | | |
| ३ | २. ५. ७. ६ | रोजगार संयोजकको स्थानीय भत्ता | २११३१ | नेपाल सरकार | | | | | | |
| ४ | २. ५. ७. ७ | रोजगार संयोजकको पोशाक | २११२१ | नेपाल सरकार | | | | | | |
| ५ | २. ५. ७. ८ | प्राविधिक सहायकको तलव | २२४१९ | IDA सोधभर्ना हुने ऋण | | | | | | |
| ६ | २. ५. ७. ९ | प्राविधिक सहायकको स्थानीय भत्ता | २११३१ | IDA सोधभर्ना हुने ऋण | | | | | | |
| ७ | २. ५. ७. १० | प्राविधिक सहायकको पोशाक | २११२१ | IDA सोधभर्ना हुने ऋण | | | | | | |
| ८ | २. ७. ३. १ | विपन्न श्रमिकको ज्याला | २२५२२ | IDA सोधभर्ना हुने ऋण र नेपाल सरकार | | | | | | |
| ९ | २. ७. ५. १० | रोजगार सेवा केन्द्रको सुदृढीकरण | | | | | | | | |
| | | फर्निचर | ३११२३ | IDA सोधभर्ना हुने ऋण | | | | | | |
| | | मेशिनरी तथा औजार | ३११२२ | IDA सोधभर्ना हुने ऋण | | | | | | |
| | | | | | | | | | | |
| | | | | | कुल जम्मा | | | | | |

पेश गर्ने

नामः

दर्जाः

मितिः

प्रमाणित गर्ने

नामः

दर्जाः

मितिः